# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं पौष २९ गते ०९साल

## भाग ८

## मालपोत तथा वनविभागको सूचना

वीरगञ्ज, रामभौरी, रतनपुर, गैंडाटार रेञ्जबाट मात्र सुके, ढले, पढेको लकडीको ठेक्का रोयाल्टीमा भवानीप्रसाद, तुलसीप्रसादले पाउनुभएकोमा सवाल सनदले [वन]जंगलबाट जर्ना लकडी र हर घरसंधा लकडी जनताले पाउनुहुने हुनाले सो लकडीहरूसमेत ठेक्कामा दिंदा जनतालाई चाहिने जर्ना र हर घरसङ्गाको लकडी नपाई असुविधा हुने कुरा सरकारबाट ख्याल राखी जर्ना गाडा र हर घर सङ्गालयकको लकडी उक्त ठेकदारहरूले नपाउने गरी सोबाहेक अरू सुके ढले, पढेको पनि डि. एफ्. ओ. ले जाँची टाँचा लगाइदिनुभएको मात्र कटान, चिरान गर्न पाउने गरी ठेक्का पट्टा एग्रीमेन्ट भएको ०१०--१--३० सम्ममात्र काम गर्न पाउने भएका छन्। त्यस कारण जर्ना लकडी र हर घर--संघा साबिकबमोजिम लान पाउने हुँदा त्यसको निमित्त ठेकदारलाई मोल दिनुपर्दैन ।

सेक्रेटरी,—मालपोत तथा वनविभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।